# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स २०८०/०८१
च.नं.

## सरकारी वा सार्वजनिक जग्गा अतिक्रमण हटाउने सम्बन्धी जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/१२/१५**

नेपाल सरकार, गृह मन्त्रालयद्वारा मिति २०८० फागुन ९ को सूचना तथा जिल्ला प्रशासन कार्यालय प्यूठानको मिति २०८० फागुन १७ को सरकारी वा सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धी सूचना वा प्रमाण उपलब्ध गराउने सम्बन्धी सार्वजनिक सूचना जारी गरेको सर्वविदिदै छ।

सार्वजनिक जग्गा सबैको साझा सम्पत्ति हो यसको जहिले पनि सार्वजनिक हितमा उपयोग हुनुपर्नेमा प्रचलित ऐन कानुनको अवज्ञा गर्दै विभिन्न नाममा विभिन्न पक्ष तथा व्यक्तिबाट सरकारी/सार्वजनिक जग्गा अतिक्रमण भएको केहि उजुरी तथा गुनासाहरु प्राप्त हुने गरेको छ। यसबाट आजको पिंढीलाई मात्र असर नपरी सार्वजनिक सम्पत्तिको उपयोग गर्न पाउनु पर्ने भावि सन्ततिको मानव अधिकार पनि गम्भिर रुपमा हनन भैरहेको छ।

अतिक्रमणमा परेको सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व प्रमुख जिल्ला अधिकारी सगै स्थानीय तहको पनि हुने व्यवस्था रहेको छ। नागरिक पनि विना बर्दीका प्रहरी भएका र नेपालको वर्तमान संविधान अनुसार पनि सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने व्यवस्था रहेको छ। यसै सन्दर्भमा जिल्ला प्रशासन कार्यालय प्यूठानको मिति २०८० चैत ८ गतेको अतिक्रमण हटाउने तथा विवरण सम्बन्धी प्राप्त पत्रानुसार माण्डवी गाउँपालिका भित्र कानुन विपरित प्रयोग, अतिक्रमण, गैरकानुनी कब्जा, गैरकानुनी नियन्त्रण र लिजको उद्देश्य विपरित प्रयोग भएका सरकारी/ सार्वजनिक प्रकृतिका जग्गाहरु (वन क्षेत्रसमेत) को अतिक्रमण तथा अनधिकृत प्रयोग हटाई जग्गाहरु साविककै अवस्थामा फिर्ता ल्याउने भनी मिति २०८०/१२/१४ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस गाउँपालिका भित्र रहेका सरकारी/ सार्वजनिक प्रकृतिका अतिक्रमित र अनधिकृत प्रयोगका जग्गाहरु (वन क्षेत्रसमेत) खाली गरि सार्वजनिक जग्गाहरुको संरक्षण गर्ने कार्यमा सहयोग गर्नुहुन अनुरोध छ। उक्त समयावधिमा खाली नगरेमा कानुन बमोजिम हुने कुरामा सम्बन्धित व्यक्ति जिम्मेवार हुने समेत जानकारी गराईन्छ।

**प्रकाश पाण्डे**
**प्रमुख प्रशासकिय अधिकृत**